## संघीय संसद :

नेपालको संविधानले संघीय संसदका रुपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ । संविधानको धारा ८३ ले संघीय संसदको तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभा नाम दिएको छ। संसदका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन् :

- संघको अधिकार क्षेत्रका विषयमा कानून निर्माण गर्ने,
- सरकार गठन गर्ने,
- सरकारको नीति तथा कार्यक्रममाथि छलफल र पारित गर्ने,
- संविधान संशोधन तथा जनमत संग्रह सम्बन्धी निर्णय गर्ने,
- बजेटको छलफल र पारित गर्ने,
- सरकारका नियमित काम कारवाहीको निगरानी राख्ने,
- सरकारलाई आवश्यक निर्देशन तथा सुझाव प्रदान गर्ने,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गर्ने ।

कुल ३३४ सदस्यीय संघीय संसदमा ११२ जना अर्थात् ३३.५३% महिला सदस्यहरुको प्रतिनिधित्व रहेको छ ।

## प्रतिनिधि सभा :

संघीय संसदको तल्लो सदन प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा निर्वाचित १६५ जना (कुल सदस्य संख्याको ६०%) र समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित ११० जना (कुल सदस्य संख्याको ४०%) गरी जम्मा २७५ जना सदस्य रहने संवैधानिक व्यवस्था छ । यस सभाको कार्यकाल पाँच (५) वर्ष रहेको छ ।

मिति २०७४ मंसिर १० र २१ गते भएको प्रतिनिधि सभाको निर्वाचनबाट प्राप्त दलीय संरचना देहाय बमोजिम रहेको छ :

| दलको नाम | सदस्य संख्या | | कुल |
|---|---|---|---|
| | प्रत्यक्ष | समानुपातिक | जम्मा |
| १. नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ११६ | ५८ | १७४ |
| २. नेपाली कांग्रेस | २३ | ४० | ६३ |
| ३. राष्ट्रिय जनता पार्टी नेपाल | ११ | ६ | १७ |
| ४. संघीय समाजवादी फोरम | १० | ६ | १६ |
| ५. नयाँ शक्ति पार्टी नेपाल | १ | - | १ |
| ६. नेपाल मजदूर किसान पार्टी | १ | - | १ |
| ७. राष्ट्रिय जनमोर्चा | १ | - | १ |
| ८. राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | - | १ |
| ९. स्वतन्त्र | १ | - | १ |
| जम्मा | १६५ | ११० | २७५ |

२७५ सदस्यीय प्रतिनिधि सभामा ९० जना अर्थात् ३२.७३% महिला सदस्यहरुको प्रतिनिधित्व रहेको छ ।

## राष्ट्रिय सभा :

संविधानको धारा ८६ बमोजिम गठित संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभा एक स्थायी सदन हो । ५९ सदस्यीय यस सभाका एक तिहाई सदस्यहरुको पदावधि प्रत्येक दुई वर्षमा परिवर्तन हुने व्यवस्था रहेको छ ।

मिति २०७४ माघ २४ गते भएको राष्ट्रिय सभाको निर्वाचनबाट प्राप्त दलीय संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | दलको नाम | सदस्य संख्या |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३९ |
| २ | नेपाली कांग्रेस | १३ |
| ३ | राष्ट्रिय जनता पार्टी नेपाल | २ |
| ४ | संघीय समाजवादी फोरम | २ |
| ५ | मनोनीत | ३ |
| | जम्मा | ५९ |

५९ सदस्यीय राष्ट्रिय सभामा २२ जना अर्थात् ३७.२९% महिला सदस्यहरुको प्रतिनिधित्व रहेको छ ।

## सदस्यका लागि योग्यता:

संविधानको धारा ८७ बमोजिम संघीय संसदको सदस्य हुन चाहिने योग्यताहरु :

- नेपालको नागरिक,
- प्रतिनिधि सभाका लागि पच्चीस (२५) वर्ष र राष्ट्रिय सभाका लागि पैंतीस (३५) वर्ष उमेर पूरा भएको,
- नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
- कुनै संघीय कानूनले अयोग्य नभएको र
- कुनै लाभको पदमा बहाल नरहेको ।

## सदस्यको स्थान रिक्त हुने अवस्था:

संविधानको धारा ८९ बमोजिम संघीय संसदको सदस्यको स्थान रिक्त हुने अवस्थाहरु :

- निजले सभामुख वा अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,
- निजको संविधानको धारा ८७ बमोजिमको योग्यता नभएमा वा नरहेमा,
- प्रतिनिधि सभाको कार्यकाल वा राष्ट्रिय सभा सदस्यको पदावधि समाप्त भएमा,
- सम्बन्धित सदनलाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,
- जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा र
- निजको मृत्यु भएमा ।

## प्रतिनिधि सभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्थाहरु:

संविधानको धारा ९१ र ९२ मा क्रमशः प्रतिनिधि सभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी रहेका व्यवस्थाहरु :

- दुवै सभाको पहिलो बैठक बसेको मितिले १५ दिनभित्र आफु मध्येबाट सभामुख, अध्यक्ष, उपसभामुख र उपाध्यक्षको निर्वाचन गर्ने,
- निर्वाचन गर्दा दुवै सभामा सभामुख र उपसभामुख तथा अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्ने र प्रतिनिधि सभाको हकमा फरक दलको समेत हुनुपर्ने,
- प्रतिनिधि सभामा सभामुखको अनुपस्थितिमा उपसभामुखले र राष्ट्रिय सभामा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले सभाको अध्यक्षता गर्ने र
- प्रतिनिधि सभामा सभामुख र उपसभामुख र राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा दुवै सभाको अध्यक्षता उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने ।

प्रतिनिधि सभाको सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरा र मा. उपसभामुख डा. शिवमाया तुम्बाहाङफे हुनुहुन्छ । राष्ट्रिय सभाको सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना र मा. उपाध्यक्ष श्री शशिकला दाहाल हुनुहुन्छ ।

## प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षको पद रिक्त हुने अवस्थाहरु:

- निज सभाको सदस्य नरहेमा,
- निजले लिखित राजीनामा दिएमा र
- निजले पद अनुकुलको आचरण नगरेको भन्ने प्रस्ताव सभाबाट दुई तिहाई बहुमतबाट पारित भएमा ।

### अधिवेशनको आव्हान :

संविधानको धारा ९३ मा राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र

संघीय संसदको अधिवेशन आव्हान गर्ने र त्यसपछि संविधान बमोजिम राष्ट्रपतिले समय समयमा दुवै वा कुनै सदनको अधिवेशन आह्वान गर्ने व्यवस्था रहेको छ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महीनाभन्दा बढी हुनु हुँदैन ।

## संघीय संसदका समितिहरु:

संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभाले समिति गठन गर्न सक्छन् ।

**प्रतिनिधि सभाका समिति :**

१. अर्थ समिति,
२. अन्तर्राष्ट्रिय सम्बन्ध समिति,
३. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति,
४. कानुन, न्याय तथा मानव अधिकार समिति,
५. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति,
६. महिला तथा सामाजिक समिति,
७. राज्य व्यवस्था तथा सुशासन समिति,
८. विकास तथा प्रविधि समिति,
९. शिक्षा तथा स्वास्थ्य समिति र
१०. सार्वजनिक लेखा समिति ।

**राष्ट्रिय सभाका समिति :**

१. दिगो विकास तथा सुशासन समिति,
२. विधायन व्यवस्थापन समिति,
३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
४. राष्ट्रिय सरोकार तथा समन्वय समिति

**संयुक्त समिति :**

१. संसदीय सुनुवाई समिति र
२. राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति ।

## विशेषाधिकार:

संविधानको धारा १०३ बमोजिम संघीय संसदमा निहित विशेषाधिकारहरु :

१. संविधानको अधीनमा रही संघीय संसदको दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गरिने, थुनामा राखिने वा निज उपर कुनै अदालतमा कारबाही चलाइने छैन ।

२. संविधानको अधीनमा रही संघीय संसदको प्रत्येक सदनलाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

३. संघीय संसदको कुनै सदनको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लागाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।

४. उपधारा १ र ३ को व्यवस्था संघीय संसदको सदस्य बाहेक सदनको बैठकमा भाग लिन पाउने अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।

५. संघीय संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाहि चल्ने छैन ।
<u>स्पष्टीकरण</u> : यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि “सदन” भन्नाले प्रतिनिधि सभा वा राष्ट्रिय सभा सम्झनु पर्छ र सो शब्दले संघीय संसदको संयुक्त बैठक वा समिति वा संयुक्त समितिलाई समेत जनाउँछ ।

६. संघीय संसदको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ गरिने छैन ।
तर कुनै फौजदारी अभियोगमा कुनै पनि सदस्यलाई संघीय कानून बमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुर्‍याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।

७. विशेषाधिकारको हननलाई संघीय संसदको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ ।

८. कसैले कुनै सदनको अवहेलना गरेमा सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिले सदनको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महीनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो जरिबाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
तर सम्बन्धित सदनलाई सन्तोष हुने गरी त्यस्तो व्यक्तिले क्षमायाचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।

९. संघीय संसदको विशेषाधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

# संघीय संसद
# संक्षिप्त परिचय
# २०७५




**संघीय संसद सचिवालय**

**संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा**

**सिंहदरबार, काठमाडौं ।**